# लोमन्थाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लोमन्थाङ, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्युनतम रोजगारिमा संलग्न हुनको लागि निवेदन पेश गर्ने सम्बन्धमा सुचना।**

प्रकाशित मितिः-२०७९।११।०५

रोजगारको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (दोस्रो संसोधन, २०७८ को दफा १८, बमोजिम अगामी आ.व. २०८०।०८१) मा रोजगार सेवा केन्द्र, लोमन्थाङ गाउँपालिका मुस्ताङको समन्वयमा प्रदान गरिने इच्छुक, सामाजिक तथा आर्थिक अवसरबाट बन्चित महिला, आदिवासी, जनजाती, दलित, सिमान्तकृत समुदाय तथा विपन्न वर्गका १८ देखि ५९ वर्ष उमेर समुहका बेरोजगार व्यक्तिको २०७९।११।३० सम्म आफुले स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा बेरोजगार ब्यक्तिको सुचीमा सूचिकृत हुन देहायानुसारका आवश्यक कागजात सहित निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ।

**निवेदनका साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु**

- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को अनुसुचि १ बमोजिम निवेदन
- नागरिकताको प्रमाणपत्र प्रतिलिपि
- एक प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो
- निवेदनले कुनै सिपमुलक तालिम लिएको भए सो को प्रतिलिपि १ प्रति
- परिवारको सम्पुर्ण सदस्यको नागरिकताको प्रमाणपत्र
- बसाइसराई भएको भए सो को प्रमाणपत्र

विकाश के.सी
प्रशासकीय अधिकृत

नोट :: माथि उल्लेखित आवश्यक कागजात र विवरण अपूर्ण भएमा फारम स्वीकृत गरिने छैन। साथै थप जानकारिका लागि वडा कार्यालय वा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

कार्यालयको फोन नं. ९८५७६३०३३०
Email: lomanthanggaupalika@gmail.com
Website: www.lomanthangmun.gov.np